# कर्णाली प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
# वीरेन्द्रनगर, सुर्खेत

**आर्थिक वर्ष २०८३/८४ का लागि स्थानीय तहबाट कार्यान्वयन हुने गरी यस मन्त्रालयबाट प्रदान गरिने ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी जरुरी सूचना**

(सूचना प्रकाशित मितिः २०८३/०१/०७)

कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२ को दफा ७ को उपदफा (१) मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८३/८४ का लागि कर्णाली प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिने ससर्त अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमको प्रस्ताव तयार गरी २०८३ बैशाख २१ गतेभित्र यस मन्त्रालयको आधिकारिक इमेल grants@karnali.gov.np मार्फत पेस गर्नु हुन कर्णाली प्रदेश भित्रका स्थानीय तह, सार्वजनिक संस्था तथा लाभग्राही र कर्णाली प्रदेश सभा सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेस गर्दा कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन समेत), २०८२ मा तोकिएको ढाँचामा तोकिएका कागजात संलग्न राखी पेस गर्नुपर्नेछ। ससर्त अनुदान माग र प्रस्ताव पेस गर्ने सम्बन्धमा "कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८२" तथा आवश्यक सूचना यस मन्त्रालयको वेवसाइट https://moeap.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सो सम्बन्धमा थप जानकारी आवश्यक भएमा मन्त्रालयको टेलिफोन नं. ०८३-५२१३७१ र मोवाइल नम्बर ९८५८०८८३७७, ९८४८१३८२१२ र ९८५८४८४७२७ मार्फत सम्पर्क गर्न सकिनेछ।

**<u>१. ससर्त अनुदान प्रदान गर्ने आधार:</u>** संविधानको धारा २५१ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तय गरेको आधारलाई समेट्ने गरी देहायका मध्ये कुनै एक वा सो भन्दा बढी आधार बमोजिम प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन हुने रु. १० लाख देखि रु. ५० लाखसम्म लागत भएका आयोजनालाई ससर्त अनुदान प्रदान गर्न सकिनेछ।

(क) प्रदेश सरकारको अधिकारको सूचीभित्रका कुनै विषयका आयोजना स्थानीय सरकारबाट कार्यान्वयन गर्नुपर्ने अवस्था,
(ख) प्रादेशिक नीति तथा कार्यक्रमलाई स्थानीय सरकार मार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था,
(ग) प्रदेश सरकारको आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने,
(घ) स्थानीय सरकारमा प्रादेशिक मानक स्थापना र कार्यान्वयन गर्नुपर्ने अवस्था,
(ङ) मानव विकास सूचकांकको अवस्था,
(च) आर्थिक सामाजिक असमानताको अवस्था,
(छ) पूर्वाधार विकासको अवस्था,
(ज) सडक घनत्व (सडक पहुँच) को अवस्था,

(झ) विद्युतमा पहुँचको अवस्था,

(ञ) सूचना प्रविधिमा पहुँचको अवस्था,

(ट) खानेपानी तथा सरसफाई सुविधाको अवस्था,

(ठ) खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता र तत्परता, (ड) कार्यसम्पादन मूल्याङ्कनको अवस्था,

(ढ) राजस्व सङ्कलन र प्रदेश सरकारलाई प्राप्त राजस्वको अवस्था, (ण) विशेष अवस्था (प्रकोप, महामारी जस्ता विपद्जन्य अवस्था)

(त) वित्तीय अनुशासन र पुँजीगत खर्च गर्न सक्ने क्षमता,

**२. अनुदान प्रदान गर्ने क्षेत्रः** प्रदेश सरकारले देहायका कुनै क्षेत्रका आयोजनाको लागि स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्न सक्नेछः

(क) सडक तथा पूर्वाधार विकासका लागि सञ्चालन गरिने आयोजना,

(ख) शैक्षिक विकासको लागि सञ्चालन गरिने शैक्षिक आयोजना,

(ग) आधारभूत स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्ने आयोजना,

(घ) प्रदेशको सन्तुलित विकासका लागि योगदान पुर्‍याउने प्रकृतिका आयोजना,

(ङ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको विभेद न्यूनीकरण गर्नको लागि सञ्चालन हुने आयोजना वा कार्यक्रम,

(च) रोजगारी सृजना हुने प्रकृतिका आयोजना,

(छ) खानेपानी तथा सिँचाई प्रयोजनको लागि लिफ्ट इरिगेशन, सौर्य उर्जा, कृषि विद्युतीकरण सम्बन्धी आयोजना,

(ज) सिर्जनशीलता, उद्यमशीलता तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने आयोजना,

(झ) वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित आयोजना,

**३. प्रस्तावकले सर्सत अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा तपसिलमा उल्लेखित सीमाभित्र रही आवश्यक कागजात संलग्न राखी इमेल गर्नुपर्नेछ।**

| सि.नं. | प्रस्तावक | आयोजना/कार्यक्रमको लागत र संख्याको सीमा | पेस गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १. | स्थानीय तह | कुल रु. १ करोडको सीमा भित्र रही बढीमा ५ वटा आयोजना/कार्यक्रम | क) आयोजना प्रस्ताव गर्दा कार्यविधिको अनुसूची-१ र कार्यक्रम प्रस्ताव गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव<br>ख) आयोजना वा कार्यक्रमको लागत खुलेको स्थानीय तहको पत्र |
| २. | सार्वजनिक संस्था र लाभग्राही | कुल रु. ५० लाखको सीमा भित्र रही बढीमा २ वटा आयोजना | क) कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव<br>ख) आयोजना वा कार्यक्रमको लागत खुलेको स्थानीय तहको सिफारिस पत्र |
| ३. | कर्णाली प्रदेश सभा सदस्य | अधिकतम रु. २ करोडको सीमा भित्र रही आयोजना | क) कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव |